नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २६७ २०८३ साल जेठ १९ गते मंगलबार (2 June 2026 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सेवा प्रवाहमा सुधारको प्रयास, ... ३ पृष्ठमा : फुसको छानोबाट सुरक्षित ... ३ पृष्ठमा : बालबालिकासँग हुँदा ...

# दशकौंदेखी बसोवास गर्दै आएका राजविराज नगरवासीले लालपूर्जा माग्दै प्रदर्शन पश्चात् गरे पालिकामा तालाबन्दी



*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

विगत ९ दिनदेखी राजविराज नगरपालिका कार्यालभित्र रिले अनशनमा बसेका नगरवासीले सोमबार नगरमा प्रदर्शन गर्दै नगरपालिका कार्यालयमा अनिश्चितकालिन तालाबन्दी गरेका छन् ।

राजविराजको मुख्य बजार तथा आसपासका गरी ७० बिगहा क्षेत्रफलमा राजविराज नगर स्थापना कालदेखि नै बसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवार हालसम्म लालपूर्जा पाउन सकेको छैनन् । नगरपालिकाबाट पाएको रसिद कै आधारमा बैंक तथा वितिय संस्थामा उक्त जग्गा धितो राखीपाउँदै गरेको ऋण सुविधा पनि विगत ८ वर्ष देखि खोसिदा नगरवासी समस्यामा परेका छन् ।

झण्डै ७ दशकदेखी लालपूर्जाबिहीन राजविराज नगरवासी लालपूर्जा माग्दै रिले अनशन पश्चात् पनि माग सुनुवाई नभएको भन्दै बाध्य भई तालाबन्दी गर्नु परेको बताएका छन् ।

यअसघि सरोकारवाला निकायलाई बुझाइएको सात दिने अल्टिमेटम उपर सरोकारवाला निकायद्वारा कुनै सुनुवाई नभएपछी बाध्य भई तालाबन्दीमा उत्रनु परेको नगरवासीको तर्फबाट गठित जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले जानकारी दिए ।

सोमबार नै प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलको उपस्थितिमा उनकै कार्यालयमा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविन, नापी कार्यालयका प्रमुख शत्रुधन यादव, भूमि व्यवस्था तथा मालपोत कार्यालयका निमित्त प्रमुख अजय झा, डिभिजन वन कार्यालयका प्रमुख पंकज कुमार मिश्र तथा आन्दोलन परिचालन समितिका पदाधिकारीसहित बसेको बैठकमा आफूहरुको माग सम्बोधन हुने विषयमा सरोकारवालाहरु गम्भिर नदेखिएकोले बैठक बहिष्कार गरि नगरपालिका कार्यालयमा तालाबन्दी गरिएको संयोजक दासको भनाई छ ।

बि.स. १९९० मा कोशीको बाढीले हनुमाननगरमा वडा हाकिमको कार्यालय र अन्य कार्यालयहरुलाई बगाउँदै बि.स. १९९९ मा विकल्पको रुपमा राजविराज बजारको स्थापना भएको हो । बि.स. १९९९ सालमै ६० विगहामा यो बजार बसाइएको हो भने ८ विगहामा कर्मचारीको नाममा प्लट स्वर्ण टोल (लंका टोल) मा बितरण गरिएको थियो ।

बि.स. २०२८ सालमा राजविराज नगरपालिका क्षेत्रको नापी हुँदा उक्त जग्गाहरू गाउँब्लकमा रहेको भनि नापीको फिल्ड बुकमा स्पष्ट उल्लेख भएको छ । यस्तै २०16 सालदेखि २०७५ साल सम्म उक्त जग्गाको खरिद बिक्री हुँदै आएको, अंशबण्डा, रजिष्ट्रेशन पास तथा बैंकमा धितो राखी ऋण पाउने गरेको, राजविराज नगरपालिकाको मिति २०८२ कार्तिक २८ गते बसेको नगर परिषदको बैठकले समेत लालपूर्जा प्रदान गर्न नापी कार्यालयलाई सिफारिश गरिसकेको भएपनि हालसम्म नगरवासी लालपूर्जा पाउनबाट बञ्चित छन् ।

# नेपालकै पहिलो टाउन प्लानिङ राजविराज नगरपालिका



*फायल तस्बिर : राजविराज दैनिक*

**नवीनकुमार गुप्ता**
**राजविराज, १८ जेठ ।**

भारतको गुलाबी सहरको नामले प्रख्यात जयपुर सहरको नक्सामा आधारित राजविराज सहर (तत्कालिन राजविराज बजार) को टाउन प्लानिङ बि.स. १९९९ सालमा तत्कालिन वडा हाकिम प्रकाश शम्शेरले गराएका थिए ।

बि.स. १९९० मा कोशीको बाढीले हनुमाननगरमा वडा हाकिमको कार्यालय र अन्य कार्यालयहरुलाई बगाउँदै बि.स. १९९९ मा विकल्पको रुपमा राजविराज बजारको स्थापना भएको हो ।

बि.स. १९९९ सालमै ६० विगहामा यो बजार बसाइएको हो । त्यस्तै १० विगहामा तत्कालिन कचहरी लाइन (हाल अदालत रोड) मा सरकारी कार्यालयहरु स्थापना गरिएको हो ।

बि.स. २०१५ सालको प्रजातन्त्रिक आम निर्वाचन पश्चात् २०१६ सालमा पहिलो पटक राजविराज बजारको नाम परिवर्तन गरि राजविराज नगरपालिका ( Municipality) राखियो । यस नगरपालिकको पहिलो चेयर म्यान यमुनानन्द मिश्र थिए ।

७८ विगहामा फैलिएको यो सहरको बजार, बस पार्क, टेम्पु स्टेण्ड, माइक्रो स्टेण्ड, हाट बजार लगायत अहिले अव्यवस्थित हुदै जाँदा इतिहास बोकेको यस नगरपालिकाप्रति सम्बन्धीत निकायले कुनै चासो समेत देखाउन सकेको छैन ।

यस अघि बि.स. २०१५ सालमा राजविराज ४ स्थित पूर्वमेयर गोबिन्द सिंहको घरदेखी बैष्णवकाली मन्दिरसम्मको जग्गा बैलगाडा ( कार्ट स्टेण्ड) को रुपमा प्रयोग भइरहदा सरकारी उदासिनताका कारण नीजि स्वार्थका लागि घरहरु निर्माण गरिएको वरिष्ठ पत्रकार अनिल कुमार अनल बताउछन् ।

# कमला पुल उपेक्षामा परेको भन्दै संघर्ष समिति आन्दोलित

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १८ जेठ ।**

सङ्घीय सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्षको बजेटमा नयाँ कमला पुल निर्माणका लागि बजेट विनियोजन नगरिएको भन्दै नयाँ कमला पुल निर्माण सङ्घर्ष समिति आन्दोलित भएको छ ।

समितिले सोमबार मधेस प्रदेश सभाका सभामुख रामअशिष यादवलाई एक ज्ञापनपत्र बुझाउँदै पुल निर्माणका लागि तत्काल बजेट सुनिश्चित गर्न माग गरेको हो ।

यसअघि नयाँ कमला पुल निर्माण सङ्घर्ष समिति र मधेस प्रदेश सरकारबिच आर्थिक वर्ष २०८३/८४ को सङ्घीय बजेटमार्फत आवश्यक बजेट व्यवस्थापन गर्न पहल गर्ने सहमति भएको थियो। उक्त लिखित सहमतिमा यदि सङ्घीय सरकारले बजेट उपलब्ध नगराएमा मधेस प्रदेश सरकारले आफ्नै आन्तरिक स्रोतबाट कुल लागत व्यहोर्ने तथा विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयारीका लागि बोलपत्र आह्वान गर्ने स्पष्ट उल्लेख थियो ।

तर सङ्घीय सरकारको बजेटमा कमला पुल निर्माणका लागि कुनै पनि रकम विनियोजन नभएपछि सङ्घर्ष समितिले प्रदेश सरकारलाई पूर्वसहमतिको सम्झना गराउँदै ध्यानाकर्षण गराएको हो ।

सङ्घर्ष समितिका संयोजक

*बाँकी अन्तिम पृष्ठमा*

**वैदेशिक रोजगारीमा जाँदा ध्यान दिऔं ।**

- वैदेशिक रोजगारीमा जाँदा सीप सिकेर जाऔं,
- वैदेशिक रोजगारीमा जाँदा अनुमती प्राप्त संस्थाबाट मात्र जाऔं,
- सामान्य चिनेको व्यक्तिले भनेको आधारमा अवैध मार्गबाट जाने कार्य नगरौं,
- अनुमती प्राप्त संस्था मार्फत जाँदा वेबसाइट मार्फत विज्ञापन भए नभएको तथा लट नम्बर हेरी अन्तरवार्ता लगाएतका छनौट प्रकृयाबाट मात्र जाऔं,
- वैदेशिक रोजगारीका लागि शुल्क बुझाउँदा बैंकिङ प्रणालीको प्रयोग गरौं,
- वैदेशिक रोजगारीमा जाँदा अभिमुखीकरण तालिम लिने गरौं,
- भिजिट भिसामा विदेशमा गएर काम नगरौं,
- विदेशमा रहँदा मर्यादित, अनुशासित भई उक्त देशको कानून पालना गरौं,
- कार्यस्थलमा कार्य गर्दा पुर्ण रुपमा व्यवसायजन्य सुरक्षाका मापदण्डहरुको पालना गरौं,
- स्वदेशमा पैसा पठाउँदा बैंकिङ माध्यमको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सावधानी अपनाऔं

विगत दुई सातादेखी बढेको अत्याधिक गर्मीले जनजीवन प्रभावित बन्दै गएको छ। तापक्रम ३५-४० डिग्रीसम्म पुग्ने गरेको छ। बिहान ८ बजे ३२ डिग्री हुँदै दिउँसो ३ बजेसम्म ४० डिग्रीसम्म पुग्ने गरेको छ। गर्मीका कारण लु लाग्ने अवस्था आएको छ। गर्मीकै कारण व्यापार समेत प्रभावित भएको छ। बिहानैदेखी तापक्रम बढ्दै जाँदा मानिसहरुको बजारमा उपस्थिति पातलिएको छ।

यता अत्याधिक गर्मी बढे पनि विद्यालयहरु संचालनमै रहेका छन्। साना साना बालबालिकाहरु अत्याधिक गर्मीमा पनि विद्यालय जान बाध्य छन्। अस्पतालमा समेत बिरामीहरुको चाप बढ्न थालेको छ। चिकित्सकहरुले गर्मीले लु लाग्ने भएर मान्छे मुर्छित भएर उच्च रक्तचाप बढेपछि मस्तिष्कघात, हृदयघात, पक्षाघात लगायतका रोग लागेर एकाएक मान्छेको ज्यान जाने सम्भावना समेत बढेकोले सतर्कता अपनाउन अनुरोध गरेका छन।

तसर्थ गर्मीबाट बाँच्नका लागि प्रसस्त मात्रामा पानी पिउन, झोलपदार्थ बढि खान, घाममा ननिस्कन, सितलमा बस्न, थोरै खानेलगायतका घरेलु प्रविधि अपनाउनु नै अहिलेको आवश्यकता रहेको छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सेवा प्रवाहमा सुधारको प्रयास, फ्रन्ट डेस्कका कर्मचारीलाई नागरिक केन्द्रित प्रशिक्षण

काठमाडौं, १८ जेठ (रासस)।

आम नागरिकले सरकारको उपस्थिति र व्यवहार महसुस गर्ने पहिलो ठाउँ हो, सरकारी कार्यालयको 'फ्रन्ट डेस्क'। अर्थात सोधपुछ र दर्ता चलानी शाखा हो। सार्वजनिक निकायमा सेवा लिन जाँदा प्रायः नागरिकले भोग्ने साझा नियति हो, कर्मचारीको रुखो बोली, उदासीन अनुहार र एक कोठाबाट अर्को कोठा धाउनु पर्ने बाध्यता।

लामो समयदेखि यही संवेदनशील ठाउँमा बस्ने कर्मचारीहरू सधैं कार्यबोझको दबाबमा रहने, उत्प्रेरित नहुने र कतिपय अवस्थामा नागरिकप्रति संवेदनशील नहुँदा समग्र सरकारकै छविमाथि प्रश्न उठदै आएको थियो।

सोही संवेदनशीलतालाई चिर्न सरकारले पहिलोपटक 'नागरिक केन्द्रित सार्वजनिक सेवा प्रशिक्षण' अभियान सुरु गरेको छ। जसले सरकारी सेवा प्रवाहको पहिलो ढोका मानिने 'फ्रन्ट डेस्कको अनुहार' बदल्ने अपेक्षा गरिएको छ।

सरकारको १०० बुँदे प्राथमिकता प्राप्त कार्यक्रमअन्तर्गत सुरु गरिएको यो तालिम अहिलेसम्मकै फरक र 'मानव-केन्द्रित' छ।

विगतमा प्रशासनिक संरचना, भौतिक पूर्वाधार र प्रविधि सुधारमा मात्रै राज्यको लगानी केन्द्रित हुने गरेकोमा यसपटक भने सेवा प्रवाहको अग्रपङ्क्तिमा खटिने मानव संशाधनको आचरण सुधार्न जोड दिइएको भूमि व्यवस्थापन, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जनाएको छ।

फ्रन्ट डेक्समा काम गर्ने तीन हजार २०४ कर्मचारीको विवरण सङ्कल्न भइसकेको छ। मन्त्रालयले पहिलो चरणमा सङ्घीय सरकार मातहतका विभिन्न मन्त्रालय र विभागका फ्रन्ट डेस्कमा कार्यरत सहायक स्तरका ६६० र अधिकृत स्तरका ३६० गरी जम्मा एक हजार २० जना कर्मचारीलाई लक्षित गरी तालिम प्रदान गरेको छ।

यही जेठ ५ गतेदेखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (स्टाफ कलेज) र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमार्फत यो प्रशिक्षण तीव्रताका साथ अघि बढाइएको मन्त्रालयका सहसचिव एकदेव अधिकारीले जानकारी दिनुभयो।

"नागरिकले कार्यालयमा पाइला टेक्ने बित्तिकै ठोक्किने ठाउँ फ्रन्ट डेस्क नै हो। तर, हिजोका दिनमा यो डेस्कमा बस्ने कर्मचारीहरू सधैं दोहोरो मारमा पर्थे एकतर्फ सेवाग्राहीको भीड र दबाब, अर्कोतर्फ हाकिमहरूको ताकेता", सहसचिव अधिकारीले भन्नुभयो, "उहाँहरूलाई कुनै न यससम्बन्धी अभिमुखीकरण हुन्थ्यो, न त काम गर्ने हौसला नै।"

मन्त्रालयअन्तर्गतको प्रशासन सुधार महाशाखा प्रमुख अधिकारीले पाठ्यक्रम र न्यूनतम लागतमा प्रभावकारी हुने खालको तालिम विधि तयार गरी कर्मचारीलाई तालिम दिन थालिएको जानकारी दिनुभयो। फ्रन्ट डेस्कका कर्मचारीहरूलाई नै केन्द्रित गरेर मावन केन्द्रित भएर यस तालिम तीन दिनका लागि मात्र भएपनि प्रभावकारी साबित हुने मन्त्रालयको विश्वास छ।

"अहिलेसम्मका हाम्रा प्रयास र लगानीहरू कार्यालयको भौतिक सजावट, उपकरण वा कार्य वातावरण सुधार्नमा मात्र बढी केन्द्रित थिए", तालिमको रणनीति र औचित्यबारे प्रष्ट पार्दै उहाँले भन्नुभयो, "भिडभाडमा आफूलाई कसरी शान्त राख्ने, सेवाग्राही र सुपरभाइजरसँग कसरी प्रभावकारी सञ्चार गर्ने भन्ने सिकाउन तीन दिनको तालिमले कर्मचारीको मनोबल उच्च बनाउनुका साथै समग्र सरकारप्रतिको नागरिकको दृष्टिकोणमा ठुलो सकारात्मक परिवर्तन ल्याउने अपेक्षा छ।"

**के सिकाईदैछ ?**

तालिम छोटो भए पनि यसको क्षेत्र निकै व्यापक र व्यावहारिक भएको मन्त्रालयको भनाइ छ। यसमा परम्परागत प्रशासनिक ज्ञानभन्दा बढी व्यवहारगत सुधार र आधुनिक प्रविधिको प्रयोगलाई समेटिएको छ।

कर्मचारीहरूको दैनिक व्यवहार र आचरण सुधारमा विशेष जोड दिइएको छ, जसमा नागरिकप्रति देखाउनुपर्ने शिष्टाचार, कृतज्ञता, समानुभूति र कामप्रतिको तत्परता समावेश विषयमा प्रशिक्षित गराइदैछ। सेवाग्राहीसँगको सम्बन्धलाई मजबुत बनाउन सञ्चार र अन्तर्वैयक्तिक सीप अन्तर्गत शारीरिक हाउभाउ, टेलिफोन शिष्टाचारका साथै इमेल, ह्वाट्सएप जस्ता आधुनिक सामाजिक सञ्जालको मर्यादित प्रयोग र सेवाग्राहीका कुरा सक्रियतापूर्वक सुन्ने तथा उहाँहरूलाई बुझाउने कला सिकाइनेछ।

त्यसैगरी, फ्रन्ट डेस्कमा सधैं आइपर्ने मानसिक दबाबलाई झेल्न कर्मचारीहरूलाई कार्यस्थलको वास्तविक कार्यचाप, विवाद र गुनासो व्यवस्थापन, आकस्मिक भीड नियन्त्रण तथा आत्म-तनाव व्यवस्थापनका व्यावहारिक उपायहरू सिकाइनेछ।

तालिममा नवीनतम प्रविधि र सामाजिक समावेशीकरणलाई निकै महत्व दिइने बताइएको छ। सेवा प्रवाहलाई थप प्रभावकारी र छिटोछरितो बनाउन कृत्रिम बौद्धिकता (एआई)को प्रयोग कसरी गर्ने भन्ने प्राविधिक ज्ञान यसमा समेटिएको छ।

साथै, लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरणको दृष्टिकोणबाट समाजका हरेक वर्गका सेवाग्राहीलाई कसरी सम्मानजनक व्यवहार गर्ने भन्ने चेतना जगाइनेछ। कर्मचारीले आफ्नो कार्यस्थलमा फर्केपछि दिगो सुधार ल्याउनका लागि सेवाउन्मुख सोचका साथ आआफ्नो व्यक्तिगत कार्ययोजना र प्रतिबद्धता समेत तयार पार्नुपर्नेछ।

सरकारी कर्मचारीहरूमा व्यावसायिकता विकासका लागि निजी क्षेत्रमा उत्कृष्ट सेवा प्रवाह गरिरहेका प्रतिष्ठित बैंक, वित्तीय संस्था, बहुराष्ट्रिय कम्पनी र होटलका अनुभवी प्रशिक्षक तथा व्यवस्थापकहरूलाई विज्ञका रुपमा आमन्त्रण गरिने बताइएको छ।

सरकारले यसलाई १०० बुँदे कार्यक्रममै रहेको मुख्य कार्यसम्पादन सूचकसँग जोडेको छ। मन्त्रालयका सहसचिव अधिकारीका अनुसार अब प्रत्येक कर्मचारीको कार्यसम्पादनको मूल्याङ्कन यही सूचकका आधारमा हुनेछ।

उत्कृष्ट काम गर्ने फ्रन्ट डेस्कका कर्मचारीहरूलाई प्रोत्साहन गर्न उहाँहरूको कार्यसम्पादन मूल्याङ्कनमार्फत गर्न सकिनेछ।

मन्त्रालयकाअनुसार तालिम लिएर कार्यस्थलमा फर्किएका कर्मचारीहरूको व्यवहारमा के कस्तो परिवर्तन आए नआएका भनि जाँच्न कार्यालय प्रमुखहरूलाई जिम्मेवार बनाइँदैछ। यसका लागि डिजिटल माध्यममार्फत सेवाग्राही र कार्यालय प्रमुख दुवैबाट प्रतिक्रिया लिइनेछ भने केन्द्रबाट आकस्मिक निरीक्षण र अनुगमन समेत गरिने रणनीति बनाइएको छ।

असार मसान्तभित्र सङ्घीय तहका एक हजार २० जनालाई भौतिक रूपमा तालिम दिने लक्ष्य राखिएको छ। यद्यपि देशैभरिका हजारौं कर्मचारीलाई यसरी भौतिक रूपमा समेट्न समय र स्रोतको चुनौती छ।

*बाँकी अन्तिम पृष्ठमा*

# वीरगञ्ज हुँदै चार अर्ब दुई करोड मूल्यका विद्युतीय सवारीसाधन आयात

पर्सा, १८ जेठ (रासस)।

चालु आर्थिक वर्षको १० महिनामा वीरगञ्ज हुँदै रु चार अर्ब दुई करोड मूल्यभन्दा बढीका विद्युतीय सवारीसाधन आयात भएका छन्।

गत आवको १० महिनाको तुलनामा चालु आवमा मूल्यको आधारमा विद्युतीय सवारीसाधनको आयात रु दुई अर्ब ३७ करोड अर्थात् १४३ दशमलव ६० प्रतिशतले वृद्धि भएको छ। वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले वीरगञ्ज नाका हुँदै चालु आवमा १५ हजार २७१ वटा विभिन्न थरिका विद्युतीय सवारीसाधनको आयात गरिएको र सोबाट प्राप्त हुने राजस्वमा उल्लेखनीय वृद्धि भएको बताउनुभयो।

गत आवको १० महिनामा यो नाका हुँदै रु एक अर्ब ६५ करोड मूल्य पर्ने नौ हजार ४२ वटा विभिन्न विद्युतीय सवारीसाधन आयात गरिएका थिए। त्यसवापत रु ८१ करोड ४७ लाख राजस्व सङ्कलन भएको थियो।

चालु आवको १० महिनामा रु एक अर्ब ८७ करोड मूल्य पर्ने ५१ किलोवाटदेखि १०० किलोवाटसम्मका ६५७ वटा विद्युतीय कार, जीप र भ्यान आयात भएका छन्। त्यसवापत रु एक अर्ब १९ करोड राजस्व सङ्कलन भएको छ। जबकी गत आवको १० महिनामा भने रु दुई करोड छ लाख मूल्य पर्ने छ वटा ५१ किलोवाटदेखि १०० किलोवाट क्षमताका विद्युतीय जीप, कार र भ्यानको आयात भएको थियो।

यस्तै, चालु आवको १० महिनामा रु एक अर्ब १७ करोड मूल्य पर्ने आठ हजार ८६७ वटा विद्युतीय मोटरसाइकल तथा स्कुटर आयात हुँदा रु ३८ करोड ५५ लाख राजस्व सङ्कलन भएको छ। गत आवको सोही अवधिमा रु करोड ९६ लाख मूल्य पर्ने चार हजार ८३४ वटा विद्युतीय मोटरसाइकल र स्कुटर आयात भएका थिए। ती सवारीसाधनको आयातबाट मात्रै रु २० करोड १५ लाख राजस्व सङ्कलन भएको थियो।

यो नाका हुँदै चालु आवको १० महिनामा रु ३१ अर्ब ३१ करोड मूल्य पर्ने इन्धन र विद्युतबाट चल्ने सवारीसाधन तथा पार्टपुर्जा भित्रिएका सूचना अधिकारी विष्टले जानकारी दिनुभयो।

गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा मूल्यको आधारमा सवारीसाधन र पार्टपुर्जाको आयात रु नौ अर्ब ६५ करोडअर्थात् ४४ दशमलव ५८ प्रतिशतले बढेको छ। चालु आवको १० महिनामा वीरगञ्ज हुँदै रु एक अर्ब २५ करोड मूल्य पर्ने छ सय २८ वटा जीप, कार र भ्यानको आयात भएको छ। त्यसवापत कार्यालयले रु तीन अर्ब १७ करोड राजस्व सङ्कलन गरेको छ। जबकी गत आवको सोही अवधिमा रु एक अर्ब ८१ करोड मूल्य पर्ने आठ सय ५५ वटा जीप, कार र भ्यानको आयात भएका थिए।

यस्तै, चालु आवको १० महिनामा रु सात अर्ब ३२ करोड मूल्य पर्ने ५१ हजार ४२३ वटा मोटरसाइकल (अन एसेम्बल्ड) आयात भएका छन्। त्यसवापत रु सात अर्ब नौ करोड राजस्व सङ्कलन भएको छ। गत आवको सोही अवधिमा रु पाँच अर्ब २१ करोड मूल्यका यस्ता मोटरसाइकल आयात भएका थिए।

# फुसको छानोबाट सुरक्षित आवाससम्म

राजु विश्वकर्मा
बागमती, १८ जेठ (रासस)।

चितवनको राप्ती नगरपालिका-१२ का ५३ वर्षीय बाबुराम प्रजा पहिले वर्षा लाग्दा रातभर जाग्राम बस्न बाध्य हुन्थे। फुसको छानो चुहिने, हावाले उडाउन सक्ने र आगलागीको जोखिमले परिवार सधैँ त्रसित रहन्थ्यो।

बर्सातका समयमा घरभित्र पानी पसेपछि सुत्ने ठाउँ सुरक्षित हुँदैनथ्यो। परिवारका सदस्यलाई भिज्नबाट जोगाउन भाँडा, बाल्टिन र अन्य सामग्री राखेर रात बिताउनुपर्ने अवस्था थियो। "मानिसलाई खानासँगै सुरक्षित घर पनि आवश्यक हुन्छ," बाबुराम भन्नुहुन्छ, "तर हाम्रो आर्थिक अवस्था कमजोर भएकाले जीवनभर पक्की घरमा बस्ने सपना पूरा होला भन्ने लागेको थिएन।" बागमती सरकारले पक्की घर निर्माण गरिदिएपछि भने अहिले उहाँको परिवार ढुक्कसँग बस्न थालेको छ। "अब वर्षा र हावाहुरीको डर छैन," उहाँ भन्नुहुन्छ, "बच्चाहरू पनि सुरक्षित छन्, यही नै हाम्रो सबैभन्दा ठूलो खुसी हो।"

मकवानपुरको भीमफेदी गाउँपालिका-२ का ६५ वर्षीय गोपाल प्रजाको कथा पनि बाबुरामको भन्दा फरक छैन्। वर्षौँदेखि झुप्रोमा बस्दै आएका गोपालले आफ्नो जीवनमा कहिल्यै पक्की घरको कल्पना गर्नुभएको थिएनन्। वर्षा लाग्दा छानो चुहिने र हिउँदमा चिसोले सताउने समस्याले परिवार सधैँ पीडित थियो। "हामीलाई पक्की घर भनेको धनी मानिसको कुरा जस्तो लाग्थ्यो," उहाँ भन्नुहुन्छ, "तर अहिले आफ्नै घरमा बस्न पाउँदा जीवन नै बदलिएको महसुस भइरहेको छ।"

उहाँका अनुसार सुरक्षित घर पाएपछि परिवारमा आत्मविश्वास बढेको छ। पहिले छिमेकीको सहारामा बस्नुपर्ने अवस्था भए पनि अहिले आफ्नै घरमा सम्मानपूर्वक जीवन बिताउन पाएकामा उहाँ निकै खुसी हुनुहुन्छ। बाबुराम र गोपाल मात्र होइन, वर्षौँदेखि फुसको छानोमुनि कठिन र जोखिमपूर्ण जीवन बिताइरहेको चितवन र मकवानपुरका सयौँ विपन्न परिवारको जीवनमा अहिले नयाँ उज्यालो छाएको छ।

हावाहुरी, वर्षा र आगलागीको त्रासबीच दिन बिताउन बाध्य परिवार अहिले आफ्नै पक्की घरमा सुरक्षित जीवनको अनुभूति गर्न थालेका छन्। वर्षौँदेखि जीर्ण घर, चुहिने छाना र असुरक्षित बासस्थानमा जीवन बिताउन बाध्य परिवारहरू अहिले सुरक्षित र व्यवस्थित आवासमा बस्न थालेपछि उनीहरूको जीवनस्तरमा उल्लेखनीय परिवर्तन आएको छ। प्रदेश सरकारद्वारा सञ्चालित 'एकीकृत बस्ती तथा आवास कार्यक्रम', 'जनता आवास कार्यक्रम' तथा 'फुसको छानो हटाउने अभियान' ले हजारौँ विपन्न नागरिकको जीवनमा परिवर्तन ल्याएको छ।

यी कार्यक्रमहरूले हजारौँ नागरिकलाई सुरक्षित आवास उपलब्ध गराउँदै सामाजिक सुरक्षा, सम्मान र आत्मविश्वास बढाउन महत्वपूर्ण योगदान पुऱ्याएका छन्। 'जनता आवास कार्यक्रम' अन्तर्गत निर्माण गरिएका पक्की घरहरूले विपन्न परिवारलाई स्थायी बसोबासको अनुभूति दिलाएको छ। यसले उनीहरूमा श्रम, शिक्षा र साना व्यवसायप्रति उत्साह बढाएको स्थानीय तहहरूले बताएका छन्।

यसैगरी, 'एकीकृत बस्ती तथा आवास कार्यक्रम' मार्फत व्यवस्थित बस्ती विकास हुँदा सडक, खानेपानी, विद्युत् र सरसफाइजस्ता आधारभूत सेवामा पहुँच विस्तार भएको छ।

वर्षौँदेखि गरिबी, अभाव र असुरक्षित बासस्थानको पीडा सहँदै आएका परिवार अहिले सुरक्षित घर पाएपछि भविष्यप्रति आशावादी बनेका छन्। विपन्न नागरिकको जीवनमा नयाँ आशा र सुरक्षित भविष्यको आधार निर्माण गरेको छ। विशेषगरी दलित, सीमान्तकृत, विपन्न तथा प्राकृतिक विपद्को जोखिममा रहेका परिवारलाई लक्षित गर्दै सञ्चालन गरिएका यी कार्यक्रमले केवल घर निर्माण मात्र होइन, सामाजिक सम्मान र आत्मविश्वास पनि प्रदान गरेका छन्। फुसको छानो भएका घरमा बर्खायाममा पानी चुहिने, चिसो र आगलागीको जोखिम हुने समस्या अब धेरै हदसम्म अन्त्य भएको छ। टिन तथा सुरक्षित छाना जडान गरिएपछि बालबालिकाको पढाइमा सहजता आएको छ भने वृद्धवृद्धा र महिलाको दैनिक जीवन पनि सुरक्षित बनेको छ।

गत आर्थिक वर्ष २०७९/८० देखि आव २०८१/८२ सम्ममा चितवन र मकवानपुरका ६५० परिवारले पक्की घर पाएका छन्। एकीकृत बस्ती तथा आवास कार्यक्रम र जनता आवास कार्यक्रममार्फत निर्माण गरिएका यी घरहरूले सयौँ विपन्न परिवारलाई सुरक्षित बासस्थान प्रदान गरेका छन्। गत आव २०७९/८० बाट सुरु भएको एकीकृत बस्ती तथा आवास कार्यक्रमअन्तर्गत आव २०७९/८० मा १७४, आव २०८०/८१ मा २७४, आव २०८१/८२ मा ५५ वटा घर निर्माण गरी हस्तान्तरण गरिसकेको सहरी विकास तथा भवन कार्यालय मकवानपुर हेटौँडाका प्रमुख इन्जिनियर भूपेन्द्रकुमार यादवले जानकारी दिनुभयो।

उहाँका अनुसार सो कार्यक्रमअन्तर्गत चालु आव २०८२/८३ मा थप ९४ परिवारका लागि घर निर्माण गर्ने योजना स्वीकृत भएको छ।

विशेषगरी चेपाङ, वनकरिया, माझी, बोटे तथा दलित समुदायका विपन्न परिवारलाई लक्षित गरी एकीकृत बस्ती तथा आवास कार्यक्रम र जनता आवास कार्यक्रम सञ्चालन गरिएको प्रमुख इन्जिनियर यादवले जानकारी दिनुभयो। यी समुदायका धेरै परिवार वर्षौँदेखि फुसको छानो भएको असुरक्षित घरमा बस्दै आएका थिए। उहाँका अनुसार एकीकृत बस्ती तथा आवास कार्यक्रमअन्तर्गत चालु आव २०८२/८३ मा ९४ घर र जनता आवास कार्यक्रमका लागि १०५ आवास योजना स्वीकृत भएको छ। चालु आव २०८२/८२ को एकीकृत बस्ती तथा आवास कार्यक्रमअन्तर्गत चितवनको माडी नगरपालिका-७ मा चेपाङ समुदायको एकीकृत बस्तीका लागि ३९ वटा नयाँ घर निर्माण गर्न लागिएको प्रमुख यादवले बताउनुभयो। प्रदेश सरकारको नमुना योजनाका रुपमा सो एकीकृत बस्ती निर्माण गर्न लागिएको उहाँको भनाइ छ।

एकीकृत बस्ती तथा आवास कार्यक्रमअन्तर्गत मकवानपुरको राक्सिराङ, मनहरी, कैलाश, बागमती, बकैयाँ र हेटौँडा उपमहानगरपालिकामा पाँच/पाँच वटा घर निर्माण गरिने जनाएको छ। यस्तै, चितवनको इच्छाकामना, खैरहनी, कालिकामा पाँच/पाँच र राप्तीमा १० वटा नयाँ घर निर्माण गरिने योजना स्वीकृत भएको सहरी विकास तथा भवन कार्यालयले जनाएको छ।

त्यस्तै, जनता आवास कार्यक्रमअन्तर्गत ४०० घर निर्माण सम्पन्न भएको छ। निर्माण सम्पन्न भएका अधिकांश घर लाभग्राहीलाई हस्तान्तरण गरिसकिएको छ। जनता आवास कार्यक्रमअन्तर्गत चालु आव २०८२/८३ मा १०५ वटा नयाँ घर बनाउने योजना स्वीकृत भएको प्रमुख यादवले बताउनुभयो। उहाँका अनुसार जनता आवास कार्यक्रमअन्तर्गत मकवानपुरको राक्सिराङ गाउँपालिका ३३, बागमती गाउँपालिकामा १०, मनहरीमा आठ, कैलाशमा पाँच, बकैयाँ गाउँपालिका सात र हेटौँडा उपमहानगरपालिकामा छ वटा घर निर्माण गरिने जनाएको छ।

यस्तै, चितवनको राप्तीमा २०, इच्छाकामना र खैरहनीमा पाँच/पाँच र कालिकामा छ वटा नयाँ घर निर्माण गरिने योजना स्वीकृत भएको छ। सरकारले बरन्डासहित दुईकोठे पक्की घर र शौचालय निर्माणका लागि प्रतिपरिवार रु चार लाख बजेट उपलब्ध गराएको छ। यद्यपि निर्माण सामग्रीको मूल्य अत्यधिक बढेका कारण तोकिएको बजेटमा काम सम्पन्न गर्न चुनौती थपिएको सम्बन्धित अधिकारीहरूको भनाइ छ।

सुरक्षित घरले विपन्न परिवारको जीवनमा केवल भौतिक सुविधा मात्र थपेको छैन, सामाजिक सम्मान र आत्मविश्वास पनि बढाएको छ। पहिले झुप्रोमा बस्ने परिवारलाई समाजले हेर्ने दृष्टिकोण फरक थियो। तर अहिले आफ्नै पक्की घर भएपछि उहाँहरूमा आत्मसम्मान बढेको छ। बालबालिकाले सुरक्षित वातावरणमा पढ्न पाएका छन् भने महिलाहरू पनि घरभित्र निर्धक्कसँग बस्न सक्ने अवस्था बनेको छ। स्थानीयवासीका अनुसार पक्की घरले परिवारको स्वास्थ्यमा सकारात्मक प्रभाव पारेको छ। चुहिने छानो, चिसो र धुवाँयुक्त वातावरणबाट हुने रोग कम भएका छन्।

# एक सय ७६ समाचारबारे प्रेस काउन्सिलमा उजुरी

काठमाडौँ, १८ जेठ (रासस)।

चालु आर्थिक वर्षको यही जेठ ६ गतेसम्म सत्यता नै नभएका एक सय ७६ वटा समाचार प्रकाशन भएको भन्दै प्रेस काउन्सिल नेपालमा उजुरी परेको छ।

सम्पादक समाज नेपालले आइतबार यहाँ आयोजना गरेको 'नागरिकको अपेक्षाः जिम्मेवार पत्रकारिता' विषयक अन्तर्क्रिया कार्यक्रममा यसबारेमा जानकारी दिइयो। काउन्सिलमा दर्ता भएका उजुरीमध्ये दोस्रो सबैभन्दा बढी मानहानी सम्बन्धि रहेका छन्।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै पत्रकार तोया गौतमले सूचना विभागमा आठ हजारभन्दा बढी पत्रपत्रिका स्थायी रूपमा दर्ता भए पनि करिब पाँच हजारमात्र प्रकाशन भएर प्रेस काउन्सिल नेपालमा वर्गीकरणका लागि पुगेका जानकारी दिनुभयो। पत्रकारले समयअनुसार परिवर्तित प्रविधिको उपयोग गरेर पनि गुणस्तरीय पत्रकारिता गर्न सकिने उहाँले प्रस्तुत गर्नुभएको कार्यपत्रमा उल्लेख छ।

नेपाल इन्जिनियरिङ एसोसिएसनका पूर्वकार्यकारी सदस्य इन्जिनियर उमेश गुप्ताले इन्जिनियरिङ संरचना बनेपछि प्रयोग गर्न उपयोग छ, छैन भनी सामाजिक परीक्षण गर्ने विषयलाई पनि पत्रकारले समाचार सङ्कलनको विषय बनाउनुपर्ने बताउनुभयो। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन नाम चलेकै परामर्शदाता कम्पनीले पनि 'कपीपेष्ट' गर्ने गरेकाले यस विषयमा पनि पत्रकारिता गर्नुपर्ने उहाँको भनाइ थियो।

काठमाडौँ महानगरपालिकाका प्रवक्ता एवं सूचना सञ्चार विभाग प्रमुख नवीन मानन्धरले सत्य र तथ्यमा आधारित पत्रकारिता हुनुपर्ने बताउँदै यस्तो पत्रकारितालाई स्थानीय सरकारले पनि सहयोग गर्ने बताउनुभयो। स्थानीय तहले गरेका गतिविधिका बारेमा राम्रोसँग समाचार सङ्कलन गरिनुपर्ने उहाँको भनाइ थियो।

गोरखापत्र दैनिकका प्रधानसम्पादक जुनारबाबु बस्नेतले लोकतान्त्रिक शासन व्यवस्थामा सही निर्णय गर्न सही सूचना चाहिने भएकाले पत्रकारिताको महत्व रहेको बताउनुभयो। नागरिकको दैनिकीलाई सहज हुनेगरी आमसञ्चारमाध्यमले काम गर्नुपर्ने उहाँले बताउनुभयो।

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

### बालबालिकासँग हुँदा फोन टाढा राख्न आग्रह

स्टकहोम, १८ जेठ (रासस/एएफपी)।

स्विडेनको सार्वजनिक स्वास्थ्य एजेन्सीले आमाबाबुको मोबाइल प्रयोगले बालबालिकाको व्यवहार, बानी र पारिवारिक अन्तर्क्रियामा असर पार्न सक्ने निष्कर्ष सार्वजनिक गर्दै बालबालिकासँग समय बिताउँदा फोन प्रयोग सीमित गर्न आग्रह गरेको छ। नयाँ सिफारिसमार्फत एजेन्सीले आमाबाबुलाई बच्चासँग हुँदा सकेसम्म फोन टाढा राख्न र अत्यावश्यक अवस्थामा मात्र प्रयोग गर्न सुझाव दिएको हो।

स्विडेनको जनस्वास्थ्य एजेन्सीले सोमबार जारी गरेको नयाँ मार्गनिर्देशन स्क्रिन प्रयोगसम्बन्धी पछिल्ला अनुसन्धानमा आधारित रहेको जनाएको छ। एजेन्सीले सन् २०२४ देखि नै आमाबाबुलाई बालबालिकाको वरिपरि स्मार्टफोन प्रयोगबारे सचेत हुन सुझाव दिँदै आएको भए पनि यसपटक थप स्पष्ट र व्यवहारिक सल्लाह अघि सारेको छ।

स्वास्थ्य प्राधिकरणले जारी गरेको वक्तव्यमा भनिएको छ, "जब तपाईं आफ्नो बच्चासँग हुनुहुन्छ, आफ्नो फोन टाढा राख्नुहोस्। आवश्यक परेमा मात्र प्रयोग गर्नुहोस् वा बच्चासँगै प्रयोग गरिरहनुभएको अवस्थामा मात्र प्रयोग गर्नुहोस्।"

एजेन्सीले आमाबाबुलाई आफ्नै जीवनमा पनि 'स्वस्थ स्क्रिन बानी' विकास गर्न आग्रह गरेको छ। यसको कारण के हो भने बालबालिकाले वयस्कहरूको व्यवहारबाट प्रत्यक्ष प्रभाव ग्रहण गर्ने भएकाले आमाबाबुको डिजिटल बानीले उनीहरूको आचरण निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्ने अनुसन्धानले देखाएको छ।

स्वास्थ्य एजेन्सीका अनुसार अध्ययनहरूले आमाबाबुको अत्यधिक स्क्रिन प्रयोगले बालबालिकासँग हुने प्रत्यक्ष संवाद र भावनात्मक सम्बन्धमा नकारात्मक असर पार्न सक्ने देखाएका छन्। त्यस्तै, धेरै समय मोबाइल वा अन्य स्क्रिनमा बिताउने आमाबाबुका बच्चाहरूमा पनि त्यस्तै बानी विकास हुने सम्भावना उच्च रहने उल्लेख गरिएको छ।

नयाँ सिफारिसमा घरभित्र 'स्क्रिन-मुक्त क्षेत्र' बनाउने अभ्यासलाई पनि प्राथमिकता दिइएको छ। एजेन्सीले शयनकक्ष, खाना खाने टेबल वा परिवार सँगै समय बिताउने स्थानहरूमा मोबाइल तथा अन्य स्क्रिन उपकरणको प्रयोग नगर्न सुझाव दिएको छ।

एजेन्सीमा कार्यरत मनोचिकित्सक हेलेना फ्रिलिङ्स्डोर्फले बालबालिकाले केवल वयस्कका शब्द मात्र नभई, उनीहरूको व्यवहार पनि नजिकबाट सिक्ने बताउनुभयो। उहाँले विज्ञप्तिमा भन्नुभएको छ, "बालबालिकाहरू वयस्कहरूले के भन्छन् भन्ने कुराले मात्र प्रभावित हुँदैनन्, उनीहरूले वयस्कहरूले के गर्छन् भन्ने कुरा पनि हेर्छन्। त्यसैले दैनिक जीवनका साना परिवर्तनहरूले तत्कालको पारिवारिक अन्तर्क्रिया र दीर्घकालमा बच्चाको आफ्नै बानी दुवैमा प्रभाव पार्न सक्छन्।"

हालका वर्षहरूमा स्विडेनले बालबालिकाको अत्यधिक स्क्रिन समय घटाउन विभिन्न नीति र कदम अघि बढाउँदै आएको छ। त्यसैको निरन्तरतामा जनवरीमा सरकारले कक्षा ९ सम्मका विद्यार्थीका लागि विद्यालयभित्र स्मार्टफोन प्रयोगमा प्रतिबन्ध लगाउने योजना सार्वजनिक गरेको थियो। यो नियम लागू भएमा करिब १५-१६ वर्ष उमेरसम्मका बालबालिकाहरू विद्यालयमा स्मार्टफोन प्रयोग गर्न पाउने छैनन्।

स्विडेनको पछिल्लो सिफारिसलाई केवल फोन प्रयोग घटाउने प्रयासका रूपमा मात्र नभई परिवारभित्र प्रत्यक्ष संवाद, सहभागिता र स्वस्थ डिजिटल संस्कार प्रवर्द्धन गर्ने अभियानका रूपमा पनि हेरिएको छ।

### पपुवामा रहस्यमय विस्फोट, पाँचको मृत्यु

जकार्ता, १८ जेठ (रासस/एएफपी)।

इन्डोनेसियाको पूर्वी पपुवा क्षेत्रमा रहेको एक माछा मार्ने गाउँमा आइतबार भएको शक्तिशाली विस्फोटबाट कम्तीमा पाँच जनाको ज्यान गएको छ भने करिब २० जना घाइते भएका छन्। प्रहरीले यो विस्फोट दोस्रो विश्वयुद्धकालीन बाँकी रहेको बम वा मोर्टारका कारण भएको हुनसक्ने आशङ्का गरेको छ।

स्थानीय समयानुसार आइतबार दिउँसो भएको विस्फोटले गाउँभर ठूलो त्रास फैलाएको थियो। कोम्पास टिभीले प्रसारण गरेको दृश्यमा विस्फोटसँगै ठूलो गर्जन सुनिएको, आगोको ठूलो मुस्लो उठेको र त्यसपछि बाक्लो धुवाँको बादल आकाशतर्फ फैलिएको देखिएको छ। विस्फोट यति शक्तिशाली थियो कि घटनास्थल वरपरका नौवटा घर पूर्ण रूपमा ध्वस्त भएका छन्।

प्रहरीका अनुसार विस्फोट एउटा स्टिल्ट हाउस अर्थात् खम्बामाथि बनाइएको घरमुनि भएको थियो। प्रारम्भिक अनुसन्धानका आधारमा यसको स्रोत दोस्रो विश्वयुद्धताका प्रयोग भएको बम वा मोर्टार हुन सक्ने अनुमान गरिएको छ।

पपुवा प्रहरीका प्रवक्ता काह्यो सुकार्निटोले एएफपीसँग कुरा गर्दै भन्नुभयो, "विस्फोटको स्रोत दोस्रो विश्वयुद्धबाट बाँकी रहेको बम वा मोर्टार हुनसक्ने आशङ्का गरिएको छ।"

घटनापछि खोज तथा उद्धार कार्य जारी रहे पनि अवस्था अझै स्पष्ट भइसकेको छैन। तीन जना अझै बेपत्ता रहेको विवरण सार्वजनिक गरिएको छ। काह्योका अनुसार घटनास्थलबाट फेला परेका केही मानव अङ्गहरूको पहिचान प्रक्रिया पनि अझै पूरा हुन सकेको छैन।

उहाँले कम्तीमा १९ जनालाई सामान्य चोटपटक लागेको र उनीहरूको उपचार भइरहेको जानकारी दिनुभयो। साथै, खोजी कार्य र अनुसन्धान सम्पन्न भएपछि थप विवरण सार्वजनिक गरिने पनि बताउनुभयो।

"पीडितहरूको खोजी र अनुसन्धान प्रक्रिया पूरा भएपछि हामी थप जानकारी दिनेछौँ", उहाँले भन्नुभयो।

इन्डोनेसियामा विस्फोटसँग सम्बन्धित यस्ता घटनाहरू यसअघि पनि भएका छन्। गत वर्ष पश्चिम जाभा प्रान्तमा इन्डोनेसियाली सेनाले प्रयोगबाहिर रहेका हतियारहरू नष्ट गर्ने क्रममा खाडलभित्र विस्फोट गराउँदा १३ जनाको मृत्यु भएको थियो। मृतकमध्ये नौ जना सर्वसाधारण थिए।

दोस्रो विश्वयुद्धका क्रममा इन्डोनेसिया एसियाको प्रमुख युद्धस्थलमध्ये एक बनेको थियो। त्यसबेला जापानी सेनाले डच ईस्ट इन्डिजमाथि कब्जा गरेको थियो भने नियन्त्रण पुनः प्राप्त गर्न सहयोगी सेनाहरूले व्यापक सैन्य अभियान सञ्चालन गरेका थिए। त्यस समयका विस्फोटक सामग्री र सैन्य अवशेषका कारण दशकौँपछि पनि कतिपय क्षेत्रमा जोखिम कायम रहेको मानिन्छ।

# हरचवाचरवाद्वारा सप्तरीसहित मधेशका ८ वटै जिल्लामा एकै साथ मागपत्र पेश



**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

मुक्त हरवाचरवा अधिकार मञ्चले मुक्त हरवाचरवा समुदायको न्यायपूर्ण पुनर्स्थापना, सामाजिक सुरक्षा तथा सम्मानजनक जीवन सुनिश्चित गर्न माग गर्दै संघीय सरकारको ध्यानाकर्षण गराउने उद्देश्यले प्रमुख जिल्ला अधिकारीमार्फत महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रीसमक्ष मागपत्र पेश गरेका छन् ।

सोमबार मुक्त हरवाचरवा अधिकार मञ्चका सचिवालय सदस्य सुमित्रा खंग तथा जिल्ला र पालिकाका हरवाचरवा अधिकार मञ्चका पदाधिकारी सम्मिलित टोलीले प्रमुख जिल्ला अधिकारीमार्फत उक्त मन्त्रालयमा पठाएका हुन् ।

उक्त मागपत्र सोमबारनै मधेश प्रदेशका सप्तरीसहित ८ वटै जिल्लाहरु सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लाका जिल्ला प्रशासन कार्यालयमार्फत एकैसाथ बुझाइएको मञ्चले जनाएको छ ।

अभियानको उद्देश्य मुक्त हरवाचरवाको पुनर्स्थापना सम्बन्धी मुद्दालाई संघीय सरकारको प्राथमिकतामा ल्याउनु र चार वर्षअघि गरिएको मुक्ति घोषणापछि हालसम्म पनि पुनर्स्थापनाको काम शुरुवाद नगरिएकोले उक्त समस्या समाधानका लागि ठोस पहलको माग गर्नु रहेको बताइएको छ ।

मागपत्रमा नेपाल सरकारले २०७९ साल श्रावण २ गते हरवाचरवा समुदायलाई बाध्यकारी श्रमबाट मुक्त घोषणा गरे पनि झण्डै चार वर्ष बितिसक्दा समेत पुनर्स्थापनाको कार्य प्रभावकारी रूपमा अघि नबढेको उल्लेख गरिएको छ ।

मञ्चले मधेश प्रदेशका हजारौं मुक्त हरवाचरवा परिवार अझै पनि भूमिहीनता, असुरक्षित आवास, बेरोजगारी, अशिक्षा, सामाजिक बहिष्करण तथा गरिबीको चक्रमा जीवनयापन गर्न बाध्य रहेको जनाएको छ ।

मागपत्रमा विशेषगरी महिला, बालबालिका, किशोरी तथा ज्येष्ठ नागरिकहरू बालश्रम, बालविवाह, कुपोषण, श्रम शोषण, लैङ्गिक विभेद तथा सामाजिक असुरक्षाको उच्च जोखिममा रहेको विषय उठाइएको छ । मञ्चले मुक्त हरवाचरवा समुदायको व्यवस्थित तथ्यांक संकलन, प्रमाणीकरण, परिचयपत्र वितरण तथा सामाजिक सुरक्षा पहुँच अझै सुनिश्चित हुन नसकेकोप्रति चिन्ता व्यक्त गरिएको छ ।

साथै मञ्चले वि.सं. २०७८ मा गठित "मुक्त कमैया, हलिया, कमलरी तथा हरवाचरवा वस्तुस्थिति अध्ययन समिति" ले दिएको सिफारिस कार्यान्वयन गर्न सरकारसँग आग्रह गरेको छ। उक्त समितिले मुक्त हरवाचरवाको पहिचान, औपचारिक प्रमाणीकरण, ऋण खारेजी, भूमि तथा सुरक्षित आवाससहित पुनर्स्थापना, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाका विषयमा स्पष्ट सुझाव दिएको भए पनि ती सिफारिसहरू कार्यान्वयन हुन नसकेको मञ्चको भनाइ छ ।

मागपत्रमार्फत आगामी आर्थिक वर्षभित्र मधेश प्रदेशका आठवटै जिल्लामा घरधुरी स्तरको तथ्यांक संकलन, प्रमाणीकरण र परिचयपत्र वितरण प्रक्रिया सम्पन्न गर्न, पुनर्स्थापनासम्बन्धी कार्यविधि, मापदण्ड र कार्ययोजना मन्त्रिपरिषद्‌बाट तत्काल स्वीकृत गर्न तथा संघ, प्रदेश र स्थानीय तहको स्पष्ट जिम्मेवारी निर्धारण गर्न माग गरिएको छ ।

त्यसैगरी प्रत्येक मुक्त हरवाचरवा परिवारलाई जीविकोपार्जनयोग्य कृषि भूमि, सुरक्षित आवास, खानेपानी, शौचालय र विद्युतजस्ता आधारभूत सेवाहरू उपलब्ध गराउनुपर्ने माग पनि गरिएको छ । भूमिहीन तथा जोखिमपूर्ण स्थानमा बसोबास गरिरहेका परिवारलाई जबरजस्ती विस्थापन र बेदखलीबाट संरक्षण गर्न विशेष कानुनी व्यवस्था लागू गर्नुपर्ने लगायतका माग अघि सारिएको छ ।

मागपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले तत्कालै सम्बन्धित मन्त्रालयमा पठाउने जानकारी दिएको मञ्चले जनाएको छ ।

# बारा १० विकेटले बिजयी

**दैनिक समाचारदाता**
**राजविराज, १८ जेठ ।**

राजविराजमा संचालित मधेश प्रदेशस्तरीय यू-१९ तथा सिनियर महिला छनोट टी-ट्वान्टी क्रिकेट प्रतियोगिता अन्तरगत सोमबार सम्पन्न खेलमा बारा जिल्लाले १० विकेटको जित हासिल गरेको छ ।




स्थानीय पविमावि क्रिकेट मैदानमा सम्पन्न पहिलो खेलमा राष्ट्रिय खेलाडी अलिसा यादव र प्रतिमा साहको उत्कृष्ट ब्याटिङ प्रदर्शनमा बाराले रौतहटमाथि शानदार प्रदर्शन गर्दै सो जित हासिल गरेको हो ।

ब्याटिङमा उत्रिएको रौतहट निर्धारित २० ओभरको खेलमा १६ ओभर ५ बलमै सबै विकेट गुमाउँदै १ सय ९ रन मात्र खडा गर्न सफल भएको हो । रौतहटका लागि चान्दनी खातुनले सर्वाधिक २६ रन बनाइन् भने भूमी सिंहले १३ रनको योगदान दिइन् । यस्तै प्रतीक्षा सिंह र मोनिका साहले समान १२-१२ रन जोडेकी थिइन ।

बलिङतर्फ बाराकी मञ्जु खड्काले उत्कृष्ट प्रदर्शन गर्दै ३ विकेट हात पारिन् । प्रियंका यादवले २ विकेट लिँदा प्रतिमा साह, आरुषी गुप्ता, निर्मला कुशवाहा र बिनिसा लामिछानेले समान १-१ विकेट लिएका थिए ।

एक सय १० रनको लक्ष्यलाई बाराले १४ ओभर ४ बलमै कुनै विकेट नगुमाई खेल आफ्नो पक्षमा पारेको थियो । प्रतिमा साहले अर्धशतकीय इनिङ खेल्दै अविजित ५१ रन बनाइन् भने अलिसा यादवले ४५ रनको महत्वपूर्ण योगदान दिइन् । खेलमा उत्कृष्ट प्रदर्शन गरेकी बाराकी प्रतिमा साह प्लेयर अफ दि म्याच घोषित भइन् ।

उनलाई सप्तरी क्रिकेट संघका सदस्य धर्मेन्द्र चौधरीले नगद १ हजार रुपैयाँसहित ट्रफी प्रदान गरेका थिए ।

### *एक सय ७६ ...*

नेपाल पत्रकार महासङ्घ काठमाडौँ शाखाका अध्यक्ष शोभा अर्यालले सामाजिक सञ्जालमा आउने गरेका सूचना सम्पादन नभई आउने र त्यसलाई आममानिसले पत्रकारिता भनी बुझ्ने गरेकाले पत्रकारिताप्रतिको धारणा फरक भएको बताउँदै मिडिया साक्षरता दिन आवश्यक रहेकामा जोड दिनुभयो । सञ्चारमाध्यमले नागरिक अधिकारका बारेमा सुसूचित गर्नुपर्ने उहाँले बताउनुभयो ।

मध्याह्न दैनिकका सम्पादक मदनकुमार श्रेष्ठले पत्रकारिता प्रवर्द्धन गर्ने तीनवटा कानुन भए पनि गत चैत १८ गते सचिवस्तरीय निर्णय गरी सरकारी सूचना निजी क्षेत्रका सञ्चारमाध्यमलाई नदिने व्यवस्था गरेपछि पत्रकारिता क्षेत्रमा समस्या आएको बताउनुभयो ।

सेन्टर फर मिडिया रिसर्चका भुवन केसीले सामाजिक सञ्जाल बलशाली बन्दै गएकाले पत्रकारले प्रविधि र विषयवस्तुसँग नडराई पत्रकारितालाई अघि बढाउनुपर्ने बताउनुभयो । कार्यक्रममा समाजका अध्यक्ष पुरु रिसालले पत्रकारिता क्षेत्रमा काम गर्दै आएको संस्थाले यस्ता बहसलाई निरन्तरता दिने प्रतिबद्धता जनाउनुभयो ।

कार्यक्रममा समाजका महासचिव श्याम डोटेल, कोषाध्यक्ष माधव दुलाललगायतले यसअघि नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिकास्थित सुइरेचौरमा रहेको संस्थाको कार्यालयमा पनि यस्तै कार्यक्रम गरिएको स्मरण गराउँदै यस्ता कार्यक्रमलाई अन्य जिल्लामा पनि विस्तार गरिने जानकारी दिनुभयो ।

### *सेवा प्रवाहमा ...*

त्यसैले, आगामी आर्थिक वर्षदेखि यसलाई पूर्ण रूपमा 'अनलाइन ढाँचामा रूपान्तरण गर्ने गरी पाठ्यक्रम तयार पार्ने काम भइरहेको सहसचिव अधिकारीले बताउनुभयो ।

उहाँले फ्रन्ट डेस्कमा बस्नका लागि यो कोर्स अनिवार्य उत्तीर्ण गरेको हुनुपर्ने प्रणाली स्थापना गरिने बताउनुभयो । सङ्घीय सरकारको यो सफल प्रयोगलाई चाँडै नै प्रदेश सरकारका सुशासन केन्द्रहरू र स्थानीय तहहरूसँग समेत समन्वय गरी देशैभरिका पालिका र जिल्लास्तरका कार्यालयहरूमा विस्तार गर्न तयारी समेत भइरहेको छ ।

### *कमला पुल ...*

इन्जिनियर प्रवीण यादवका अनुसार पूर्व सहमति अनुसार सङ्घीय बजेटमा यो आयोजना नपरेकाले अब मधेस प्रदेश सरकारले आफ्नै आन्तरिक स्रोतबाट निर्माण प्रक्रिया तत्काल अगाडि बढाउनुपर्ने माग गरिएको छ ।

ज्ञापनपत्र बुझाउने क्रममा सङ्घर्ष समितिले प्रदेश सरकारलाई आफ्नो प्रतिबद्धता अक्षरशः पूरा गर्न आग्रह गर्दै माग अविलम्ब सम्बोधन नभए थप सशक्त आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनी दिएको छ ।

धनुषा र सिराहा जिल्लाका हजारौं नागरिकको प्रत्यक्ष सरोकार र आर्थिक जीवनसँग जोडिएको यस पुलको निर्माण कार्य वर्षौंदेखि अन्योलमा रहँदै आएको छ । स्थानीयवासीले अब आश्वासन मात्र नभई ठोस रूपमा निर्माण कार्यको थालनी हुनुपर्ने माग राख्दै आएका छन् । सङ्घर्ष समितिले सरकारलाई अविलम्ब ठोस निर्णय गरी पुल निर्माणको प्रक्रिया सुरु गर्न आग्रह गरेको छ ।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*